बेलबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ

कोशी प्रदेश, नेपाल

## आन्तरिक श्रोत असुली सम्बन्धी दरभाउपत्र/बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०२/२३)

बेलबारी नगरपालिका अन्तर्गत संचालनमा रहेका देहाय वमोजिमका हाट वजार कर तथा स्थानीय पुर्वाधार उपयोग सेवा शुल्क असुली कार्यको आगामी आ.व.२०८०/८१ का लागि ठेक्का बन्दोबस्ती गर्नु पर्ने भएकोले इच्छुक कम्पनी/ फर्महरुले रित पूर्वक शिलवन्दी दरभाउपत्र / बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विवरण | ठेक्का नं. | न्युनतम अंक (भ्याट सहित ) | फारम दस्तुर | ठेक्काको प्रकार |
|---|---|---|---|---|---|
| क) | बेलबारी ३ मा लाग्ने सोमबारे मवेशी पशु हाट बजारमा कर संकलन | BM/S/NCB-17-2079-80 | ३०,००,०००/- | ३०००/- | बोलपत्र (विद्युतिय माध्यम) |
| ख) | कसेनी बजार वडा नं. ५ र सोमबारे बजार वडा नं. ६ हाट बजारमा कर संकलन | BM/S/SQ-07-2079-80 | १,२५,०००/- | १०००/- | दरभाउपत्र (हार्डकपी) |
| ग) | बाहुनी बजार वडा नं. ७ हाट बजारमा कर संकलन | BM/S/SQ-08-2079-80 | १,५१,०००/- | १०००/- | दरभाउपत्र (हार्डकपी) |
| घ) | डाँगिहाट बजार वडा नं. ९ हाट बजारमा कर संकलन | BM/S/SQ-09-2079-80 | १,२५,०००/- | १०००/- | दरभाउपत्र (हार्डकपी) |
| ङ) | लक्ष्मीमार्ग बजार वडा नं. ११ हाट बजारमा कर संकलन | BM/S/SQ-10-2079-80 | १,१५०००/- | १०००/- | दरभाउपत्र (हार्डकपी) |

नोट : एकभन्दा बढी ठेक्का प्रकृयामा सहभागी हुन चाहाने दरभाउपत्र/बोलपत्रदाताले प्रत्येक ठेक्काको छुट्टाछुट्टै निमानुसार पेस गर्नुपर्नेछ ।

**शर्तहरु**

१. सि.नं. "क" को हकमा बोलपत्रहरुको सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्म विद्युतिय माध्यम (https://bolpatra.gov.np) मार्फत मात्र दर्ता / पेस गर्न सकिनेछ ।

२. सि.नं. "ख" देखि "ङ" सम्मको हकमा दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिनको ४:०० बजे सम्म मात्र दरभाउपत्र खरीद गर्न सकिनेछ । उक्त दरभाउपत्र १६ औं दिनको १२:०० बजे सम्म कार्यालयमा नै पेस गर्नुपर्नेछ । समय नाघी आएको दरभाउपत्र उपर कुनै कार्वाही हुने छैन।

३. सि.नं. "ख" देखि "ङ" को दरभाउपत्र व्यक्तिले समेत पेस गर्न सक्नेछ । व्यक्तिको हकमा १५ प्रतिशतले हुन आउने रकम आय कर कट्टा गरिनेछ भने अन्यका हकमा कानुन बमोजिम फर्म/कम्पनी /संस्थाले मात्र प्रकृयामा सहभागी हुन पाउनेछन् ।

४. बोलपत्रको हकमा सूचना प्रकासित मितिले ३१ औ दिनको ०२:०० बजे र शिलबन्दी दरभाउपत्रको हकमा सूचना प्रकासित मितिले १६ औं दिन दिनको ०२:०० बजे बोलपत्र /दरभाउपत्रदाताको रोहवरमा बोलपत्र / दरभाउपत्र खोलिनेछ । बोलपत्र / दरभाउपत्र खोल्ने समयमा बोलपत्र / दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र / दरभाउपत्र खोल्न कार्यालयलाई बाधा पुग्नेछैन ।

५. दरभाउपत्र / बोलपत्र फारम दस्तुर रकम बेलबारी नगरपालिकाको आन्तरीक राजश्व खाताको खाता नं. २४३०१००३०१०१०००२ मा उल्लिखित रकम जम्मा गरेको राजस्व भौचर र कबोल गरेको अंकको ५ प्रतिशत हुन आउने रकम बेलबारी नगरपालिकाको स्थानीय तह धरौटी खाता नं .२४३०१००३०३००००२ मा जम्मा गरी वा धरौटी रकम बराबरको रकम "क" वर्गको वाणिज्य बैंकले जारी गरेको दरभाउपत्रको हकमा २०८० श्रावण मसान्त सम्मको म्याद भएको बैंक ग्यारेन्टीको विद्युतय माध्यमबाट Scan कपी र हार्डकपीको हकमा सक्कलै प्रति दरभाउपत्र पेस गर्दा अनिवार्य सम्लग्न राखी गरी

पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम बेलबारी नगरपालिकाको स्थानीय तह धरौटी खातामा नगदै जम्मा गरेको भौचर पेस गर्नुपर्नेछ ।

६. विद्युतिय माध्यमबाट पेस गर्नुपर्ने बोलपत्रको हकमा फारम र सो सँग सम्बन्धित कागजातहरु डाउनलोड र पेस समेत अनिवार्य https://bolpatra.gov.np बाट गर्नुपर्नेछ । दरभाउपत्र /बोलपत्र फारम दस्तुर बापतको राजश्व र धरौटी रकम वा बैंक ग्यारेन्टी छुट्टाछुट्टै पेश गर्नुपर्नेछ ।

७. दरभाउपत्र /बोलपत्रदाताले दरभाउ /बोलपत्र फारम खरिद गरेको बैंक भौचरको प्रतिलिपी, फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ२०७ .व.८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र प्रचलित कानुन बमोजिम यस प्रकृयामा भाग लिन पाउने स्वःघोषणा पत्र साथै अन्य आवश्यक सम्पुर्ण कागजात Scan Copy अपलोड गर्नुपर्नेछ । व्यक्तिको हकमा नागरिकता प्रमाणपत्र प्रतिलिपि र व्यक्तिगत स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ ।

८. नगरपालिकाले यस प्रकृयामा भाग लिएका दरभाउपत्रदाता / बोलपत्रदाताहरूले तोकिए बमोजिम मूल्याङ्कन गरी सारभूत रूपमा प्रभावग्राही ठहरिएको अधिकतम कबोल गर्ने दरभाउपत्र / बोलपत्रदातालाई सम्झौताका लागि आव्हान गर्नेछ । तोकिएको समय भित्र उल्लेखित दरभाउपत्र / बोलपत्रदाता सम्झौता गर्न नआएमा क्रमस दोस्रो र तेस्रो लगायतका दरभाउपत्र / बोलपत्रदातालाई सम्झौताका लागि पत्रचार गरिनेछ । अधिकतम कबोल गर्ने दरभाउपत्रदाता / बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको सम्पूर्ण धरौटी बापतरको रकम जफत गरी कालो सूचिमा राख्न सम्बन्धित निकायलाई सिफारिस गर्नुका साथै लगत्तै पछिल्लो दरभाउपत्र / बोलपत्रदाता र अधिकतम कबोल गर्ने बोलपत्रदाताको बिचको फरक समेत अधिकतम कबोल गर्ने दरभाउपत्र / बोलपत्रदाताको विचको फरक रकम समेत अधिकतम रकम कबोल गरी सम्झौता गर्न नआउने दरभाउपत्र / बोलपत्रदाताबाट सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ । यो प्रकृया क्रमस दोस्रो, तेस्रो वा अन्यलाई समेत समान ढंगले लागू हुनेछ ।

९. दरभाउदाता /बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाउन चाहेमा कबोल रकमको मात्र १० प्रतिशत सम्म छुट दिन सकिनेछ । १३ प्रतिशत मु.अ. कर र १५ प्रतिशत अग्रिम आयकरमा कुनै पनि छुट उपलब्ध गराईने छैन । उक्त रकम आर्थिक प्रशासन शाखामा यकिन गरी/गराई रा.वा.बैकमा रहेको बेलबारी नगरपालिकाको आन्तरिक राजश्व खाता नं.४३०१००३०६०१०००२ मा दाखिला गर्नुपर्नेछ ।

१०.किस्तामा बुझाउन चाहाने दरभाउपत्र / बोलपत्रदाताहरुको हकमा तीन किस्तामा सम्पूर्ण रकम बुझाउनु पर्नेछ । प्रथम किस्ता, सम्झौता पूर्व कबोल रकम (सम्पूर्ण करवाहेक) को ४० प्रतिशत, दोस्रो किस्ता ४० प्रतिशत बापत कात्तिक मसान्त र तेस्रो किस्ता २० प्रतिशत वापत २०८० चैत्र मसान्त सम्ममा जम्मा गर्नु पर्नेछ । साथै १३ प्रतिशतले हुन आउने मूल्य अभिवृद्धि कर र १५ प्रतिशत अग्रिम आय कर रकम बोलपत्रदाताले सम्झौता पूर्व नै यस कार्यालयमा दाखिला गर्नुपर्नेछ तथा किस्तामा रकम बुझाउने भएमा दरभाउपत्र /बोलपत्रदाताले ठेक्का सम्भौता पछी बुझाउन बाँकी ६० प्रतिशत बराबरको "क" बर्गको बैंकबाट २०८१ श्रावण मसान्त सम्म म्याद भएको बैक ग्यारेन्टी पेश गर्नुपर्नेछ । कवोलकर्ताले यस शर्त बमोजिम तोकिएको अबधि भित्र दोश्रो किस्ता बापतको रकम जम्मा नगरेमा तेश्रो किस्ता समेतको रकम २०८० चैत्र १ गते निज कबोलकर्ताले पेश गरेको बैक ग्यारेन्टी जफत गरी असुल उपर गर्न सकिनेछ ।व्यक्तिको हकमा सम्झौताका बखतमा एकमुष्ट रकम बुझाउनुपर्नेछ ।

११.ठेक्काको अबधि सम्झौता अबधि देखि २०८१ असार मसान्त सम्मको लागि मात्र हुनेछ ।

१२.ठेक्का सम्झौता भइसकेपछि प्राकृतिक वा मानव निर्मित कुनै कारणले बन्द, हडताल वा यसै प्रकारको अवस्था सृजना भएमा ठेक्का रकममा कुनै प्रकारको छुट वा मिनाहा माफि दिइने छैन ।

१३.कर तथा सेवा शुल्क नगरपालिकाले तोके बमोजिमको दररेटमा अशुल गर्नु पर्नेछ ।अन्यथा बढी रकम अशुल गरेको ठहर भएमा नियमानुसार कारवाही हुनेछ।

१४.करशुल्क उठाउँदा प्रयोग हुने रसिद नगरपालिकाले तोके बमोजिमको ढाँचामा ठेकेदार आफैले छपाई नगरपालिका/को रसिद नियन्त्रण खातामा दाखिला गरी आवश्यकताका आधारमा माग गरी प्रमाणित गराई प्रयोग गर्नु पर्नछ।

१५.यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियम अनुसार कारबाही भई ठेक्का रद्द समेत हुन सक्नेछ ।

बेलबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

१६.दरभाउपत्रदाता /बोलपत्रदाताले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।

१७.नगरपालिकाले स्वीकृत गरी अपलोड गरेको / बिक्री गरेको देहायका कागजात समेत Bid Document नै यस प्रयोजनका लागि Standard Bid Document रुपमा मानिनेछ ।

**<u>देहाय</u>**

क. पूर्ण सूचना
ख. BoQ
ग. दररेट
घ. निवेदन

१८.बोलपत्रदाताले नगरपालिकाबाट स्वीकृत गरी अपलोड गरेको आन्तरिक स्रोत असुलि सम्बन्धीको BoQ अंक र अक्षरमा भरी सहिछाप गरी पेश गर्नुपर्नेछ तर बोलपत्रदाताले अपलोड गरेको/भरेको कुनै कगजातमा आफ्नो कबोल अंक उल्लेख गरेमा/भएमा त्यस्तो दरभाउपत्र /बोलपत्रलाई समेत सार्वजनिक हितको सिद्धान्तका आधारमा मूल्याङ्कन प्रकृयामा लैजान बाधा पुग्ने छैन ।

१९.नगरपालिकाले यस प्रकृयामा भाग लिएका दरभाउपत्रदाता /बोलपत्रदाताहरुको तोकिए बमोजिम मूल्याङ्कन गरी सारभूत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम कबोल गर्ने बोलपत्रदातालाई सम्झौताका लागि आव्हान गर्नेछ । तोकिएको समय भित्र उल्लेखित बोलपत्रदाता सम्झौता गर्न नआएमा क्रमसः दोस्रो र तेस्रो लगायतका बोलपत्रदातालाई सम्झौताका लागि पत्रचार गरिनेछ । अधिकतम कबोल गर्ने दरभाउपत्रदाता /बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको सम्पूर्ण धरौटी बापतको रकम जफत गरी कालो सूचिमा राख्न सम्बन्धित निकायलाई सिफारिस गर्नुका साथै लगत्तै पछिल्लो दरभाउपत्र/ बोलपत्रदाता र अधिकतम कबोल गर्ने दरभाउपत्रदाता /बोलपत्रदाताको बिचको फरक रकम समेत अधिकतम रकम कबोल गरी सम्झौता गर्न नआउने दरभाउपत्रदाता / बोलपत्रदाताबाट सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ । यो प्रकृयाको क्रमस दोस्रो, तेस्रो वा अन्यलाई समेत समान ढंगले लागू हुनेछ ।

२०.ठेक्का तयारी तथा सोसँग लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफै जिम्मेवार हुनुपर्नेछ ।

२१.दरभाउपत्रदाता /बोलपत्रदाताले आफ्नो खर्चमा आय संकलन स्थलहरुको भ्रमण गर्न सक्नेछन् ।

२२.दरभाउपत्र /बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

२३.यस नगरपालिका अन्तर्गत विगतमा वुझाउनु पर्ने ठेक्का वक्यौता, पेश्की वेरुजु रहेको फर्म/कम्पनी ठेक्कामा सहभागी हुन पाउने छैन तर बोलपत्र तथा दरभाउपत्र खरिद गर्नु अघि उल्लेखित रकम दाखिला गरेमा ठेक्कामा सहभागी हुन वाधा पर्ने छैन ।

२४.एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन ।

२५.दरभाउपत्रदाता /बोलपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

२६.दरभाउपत्रदाता /बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।

२७.यस प्रकृयामा सहभागीहुने दरभाउपत्रदाता / बोलपत्रदाताले सूचनामा उल्लिखित सम्पूर्ण शर्तहरू र Standard Bid Document लाई स्वीकार गरी समावेस गरिएको मानिनेछ ।

२८.माथि उल्लेखित शर्तहरुको थप प्रष्टिकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरु बेलबारी नगरपालिका सार्वजनिक खरिद नियमावली २०७८, प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताबिक हुनेछ । थप जानकारीका लागि ०२१-४३४२५९, info@belbarimun.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत